आज मिति २०८२/०५/२२ गते आइतबारको दिन यस शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को चौथो कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो।

उपस्थितः-

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष | |
| २ | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | |
| ४ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ५ | श्री हेम बहादुर खड्का | वडाध्यक्ष | |
| ६ | श्री केशव प्रसाद अधिकारी | वडाध्यक्ष | |
| ७ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ८ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | |
| ९ | श्री भिम नारायण चौधरी | का.वा. वडाध्यक्ष | |
| १० | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | |
| ११ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | पवित्रा |
| १२ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | गीता |
| १३ | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य | रुक्मिणी |
| १४ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | राममिलन |
| १५ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री लेख बहादुर बस्नेत | सदस्य - सचिव | |
| | आमन्त्रित | | |
| १ | तुलसा अर्याल | सहायक प्रशासकीय अधिकृत | |
| २ | श्री पार्वती चौधरी | कार्यालय सहयोगी | पार्वती |
| ३ | | | |
| ४ | | | |

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०५।२२ गतेको बैठकका निर्णयहरु:

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०५।२२ गतेको बैठकका निर्णयहरु:

१. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो । गाउँपालिकाको खानेपानी तथा सरसफाई स्वच्छता योजना र गाउँपालिकाको जग्गा वर्गिकरणको काम तुरुन्त सुरुवात गर्ने निर्णय गरियो ।

२. शुद्धोदन पार्कको आन्तरिक श्रोत संकलन गर्ने सम्बन्धि मिति २०८२।०४।३० गतेको सुचना अनुसार पर्न आएका ३ वटा दरभाउ पत्रहरु मुल्याङ्कन समितिको मिति २०८२।०५।२० गतेको निर्णय अनुसार ३ वटै दरभाउ पत्रहरु प्रभावग्राही नभएकोले ठेक्का अस्वीकृत गर्ने सिफारिस गरेकोले उक्त ठेक्का अस्वीकृत गर्ने निर्णय गरियो ।

३. शुद्धोदन पार्क, भुजौली र पुरैनी बजारहरुको मिति २०८२।०३।११, २०८२।०३।२७ र २०८२।०४।३० मा सुचना प्रकाशित गर्दा पनि ठेक्का व्यवस्थापन हुन नसकेकोले उक्त पार्क तथा बजारहरुको पूर्ववत रुपमा राजस्व परामर्श समिति र कार्यापालिकाको निर्णय अनुसार तोकिएको न्युनतम रकममा कमी नहुने गरी सोझै खरिद विधिवाट ठेक्का व्यवंस्थापन गर्ने निर्णय गरियो ।

४. भुजौली साप्ताहिक हाटबजारमा जग्गा अभावको कारणले शौचालयको उपयुक्त व्यवस्था गर्न कठिनाइ भएकोले शौचालयको समस्या अध्ययन गरी उपयुक्त विधिबाट शौचालयको व्यवस्थापन गर्ने निर्णय गरियो ।

५. गाउँपालिकाको अनुगमन समितिले मिति २०८२।०५।०३ मा अनुगमन गर्दा वडा नं. १ को वेलवामा १८,९५०.४१ घन फिट र वडा नं. ७ को वडा कार्यालयको उत्तर र मानमटेरिया स्वास्थथ्य चौकीको पूर्व तर्फ रहेको ४०,८९१.३३ घन फिट नदिजन्य पदार्थ यस गाउँपालिकाले विभिन्न मितिमा सूचना प्रकाशित गर्दा पनि कोही कसैको दावी नपुगेकोले जफत गरी लिलाम बढावढ मार्फत विक्रिवितरण गर्ने निर्णय गरियो ।

६. शुद्धोदन गाउँपालिकाको कृषि विकास रणनीतिक योजना अन्तर्गत बृहत मत्स्य विकास कार्यक्रम शुद्धोदन गाउँपालिका वडा नं. १, ३ र ६ ठेक्का नं. NCB/SRM/15/081-82 (Agricultural Development Strategic Plan: Fishery Development Programme: Upgrading of Pond/Lake Ward No. 1 & 6 कार्यान्वयन गर्दा वडा नं. १ को परौता भाठा स्थित गोरख नाथ तालको स्तरउन्नती गर्दा निस्केको मिस्कट/भस्कट नापजाँच गरी लिलाम विक्रि गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

७. भगलापुर मा.वि.को जग्गा सम्माउने कामको सन्दर्भमा आगामी कार्यापालिका बैठकमा सरोकारवालहरु समेतको उपस्थितिमा छलफल गरी उपयुक्त निर्णय गर्ने निर्णय गरियो ।



CamScanner

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०५।२२ गतेको बैठकका निर्णयहरुः

८. गाउँपालिकाको वडा नं. ५ को मानपकडी बुद्ध चोकमा रहेको प्रतिक्षालय जिर्ण भएकोले उक्त प्रतिक्षालय भत्काई उपयुक्त स्थानमा निर्माण गर्ने निर्णय गरियो ।

९. शंकर मा.वि.ले भोगचलन गर्दै आएको वडा नं. ३ को तिनाउ खोलाको नदी उकास क्षेत्रमा फोहोर व्यवस्थापनको लागि जग्गा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

१०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ बमोजिम अमानतबाट काम गर्न वडा कार्यालयहरुलाई स्वीकृति दिने निर्णय गरियो ।

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ को अधिन भित्र रही हाल ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई गाउँसभाले आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य मार्फत स्वीकृत गरेको दरबन्दीहरुमा करार सम्झौता गरी कामकाज लागउने निर्णय गरियो ।

१२. गाउँपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०८२।०५।२२ गतेको निर्णय अनुसार तपसिल अनुसारका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

क) गाउँपालिकाको वडा नं. ५ निवासी नारायण थारुलाई भैंसीको मृत्यु भए वापत रु. २००००।–

ख) गाउँपालिकाको वडा नं. ५ निवासी वहराइज मल्लाहलाई गोठमा आगो लागि भै भैसी र पाडो मरे वापत रु. २५०००।–

१३. यस गाउँपालिका भित्र हरिशंकर चौधरीले सञ्चालन गरिरहेको दिप खाजा घर चमेना गृहको २०८२ असोज १ गते देखि लागु हुने गरी तपसिल अनुसार दररेट निर्धार गर्ने निर्णय गरियो ।

तपसिल

चमेना गृह बाट उपलब्ध गराउनुपर्ने खाना/खाजाका परिकारहरुको इकाइ अनुसार मूल्य सूची

| क्र.सं. | खाना/खाजाका परिकारहरु | इकाइ प्रति | मूल्य |
|---|---|---|---|
| क | खाना | | |
| १ | भेज खानाः भात, दाल, तरकारी, साग, अचार, सलाद (न्युनतम सावा चामल गुणस्तर भएको) | सेट | १४० |
| २ | चिकन खानाः भात, दाल, चिकन (न्युनतम ४ पिस) तरकारी, साग अचार, सलाद (न्युनतम सावा चामल गुणस्तर भएको) | सेट | २०० |
| ३ | माछा खानाः भात, दाल, माछा (न्युनतम २ पिस) तरकारी, साग अचार, सलाद (न्युनतम सावा चामल गुणस्तर भएको) | सेट | २०० |
| ४ | मटन खानाः भात, दाल, मटन (न्युनतम ४ पिस) तरकारी ,साग अचार,सलाद (न्युनतम सावा चामल गुणस्तर भएको) | सेट | २५० |
| ख | खाजा/नास्ता | | |
| १ | भेज मो मो | प्लेट | ८५ |



CamScanner

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०५।२२ गतेको बैठकका निर्णयहरु:

| क्र.सं. | खाना/खाजाका परिकारहरु | इकाइ प्रति | मूल्य |
|---|---|---|---|
| २ | चिकन मो मो | प्लेट | १३० |
| ३ | भेज चाउमिन | हाफ | ५० |
| ४ | चिकन चाउमिन | हाफ | ७० |
| ५ | अण्डा चाउमिन | हाफ | ६० |
| ६ | गहुँको रोटी/पुरी,सब्जी दही अचार (प्रति प्लेट ३ पिस साथै थप प्रति पिस रु १०) | प्लेट | ६५ |
| ७ | चिकन खाजा सेटः न्युनतम ४ पिस चिकन, चिउरा, भट्ट, सलाद, चट्नी | प्लेट | १२५ |
| ८ | मटन खाजा सेटः न्युनतम ४ पिस मटन, चिउरा, भट्ट, सलाद, चट्नी | प्लेट | १८० |
| ९ | जेरी/सेल | पिस | १५ |
| १० | समोसा मटर | हाफ | ३० |
| ११ | समोसा/पकौडा | पिस | १० |
| १२ | आलु परौठा | पिस | २५ |
| १३ | मौसमी फलफुल | प्लेट | ६० |
| ग | अन्य | | |
| १ | उसालेको अण्डा | पिस | ३० |
| २ | चना | हाफ | २५ |
| ३ | लेमन चिया | कप | १५ |
| ४ | दुध चिया | कप | २० |
| ५ | कफी दुध | कप | ३० |
| ६ | दहीः स्टिलको medium कचौरा | कचौरा | २५ |
| ७ | दुध (२००ml) गिलास | गिलास | २५ |
| ८ | लस्सी | गिलास | ८० |

CamScanner